**मिति २०८० साल वैशाख १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको तेस्रो बैठकको निर्णय**

मिति २०८० साल वैशाख १० गते बसेको कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको दोस्रो बैठकमा कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थान तय गर्ने प्रस्ताव एवम् कार्यसूची नम्बर (७) लाई यही मिति २०८० साल बैशाख १७ गते दिउँसो १.०० बजे बस्ने गरी तय भएको कानेपोखरी गाउँपालिकाको १३. औं गाउँ सभाको तेस्रो बैठकबाट उपयुक्त निर्णय लिने भनी निर्णय भएको थियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) को खण्ड (क) को उपखण्ड (२) मा व्यवस्था भएको सभाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने/गराउने गाउँपालिकाका अध्यक्षको अधिकार प्रयोग गरी दोस्रो बैठकको प्रस्ताव एवम् कार्यसूची नम्बर (७) लाई थप स्पष्ट पार्न दोस्रो बैठककै निर्णय नम्बर (७) समेतलाई आधार लिई सभाध्यक्ष श्री राजमती इङ्नामज्यूले कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थान तय गर्ने प्रस्ताव एवम् कार्यसूची सभाको बैठकमा पेश गर्नुको औचित्य समेत खुलाई सभाको तेस्रो बैठकको एक मात्र कार्यसूची तय गर्नु भएको थियो।

कानेपोखरी गाउँपालिकाका २ नं. वडाका वडा अध्यक्ष एवम् गाउँपालिकाका प्रवक्ता श्री सुशील बुढाथोकीज्यूले सभाध्यक्ष श्री राजमती इङ्नामज्यूले प्रदान गर्नु भएको अनुमती बमोजिम तेस्रो बैठकमा पेश भएको कार्यसूची एवम् प्रस्ताव र उक्त कार्यसूची एवम् प्रस्ताव ल्याउनुको औचित्य माथि प्रकाश पार्नु भएको थियो। १३ औं गाउँ सभाको तेस्रो बैठकमा उक्त प्रस्ताव एवम् कार्यसूचीको औचित्य सभाको बैठकमा पेश भई सके पश्चात् बैठकमा उपस्थित सभाका सदस्यहरुले पक्ष र विपक्षमा आफ्नो/आफ्नो धारणा राख्नु भएको थियो। सभाध्यक्ष श्री राजमती इङ्नामज्यूले कोशी प्रदेश (साविक प्रदेश नं. १) को प्रदेश सभाद्वारा पारित **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** मा व्यवस्था भए बमोजिम सभाको तेस्रो बैठक सञ्चालन गर्नु भएको थियो। सभाका सदस्यहरुले आफ्नो धारणा राखे पश्चात् सभाध्यक्ष श्री राजमती इङ्नामज्यूले सभाको तेस्रो बैठकमा पेश भएको औचित्य समेत खुलाईएको उक्त प्रस्ताव एवम् कार्यसूची उपर सभामा उपस्थित सदस्यहरुको गोप्य मतदान प्रकृयाबाट निर्णय लिने गरी मतदानको सम्पूर्ण व्यवस्थापन मिलाउन सभाको सचिव एवम् सचिवालयलाई निर्देशन गर्नु भएको थियो। सभाको सचिव एंवम् सचिवालयबाट देहायमा उल्लिखित ढाँचामा सभाको बैठकमा पेश भएको प्रस्ताव एवम् कार्यसूचीको पक्ष र विपक्षका लागि मतपत्रको तयारी भएको र सभाध्यक्ष बाहेक सभामा उपस्थित सबै सदस्यहरुले मतदान प्रकृयामा सहभागिता जनाउनु भएको थियो।

**कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको तेस्रो बैठक (२०८०।०१।१७) को निर्णय प्रमाणित गरेकी छु।**

**(राजमती इङ्नाम)**
**सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष**

राजमती इङ्नाम
अध्यक्ष

**मिति २०८० साल वैशाख १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको तेस्रो बैठकको निर्णय**

**कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभाको तेस्रो बैठकको प्रस्ताव एवम् कार्यसूची बमोजिम कानेपोखरी गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नका लागि विद्यमान केन्द्र कानेपोखरी गाउँपालिका, ५ नं. वडा, भौंसाबारीमा स्थानान्तरण गर्ने विषयमा मिति २०८०।०१।१७ गतेका दिन सभामा भएको मतदानको मतपत्र**

प्रदेशः कोशी प्रदेश

गाउँपालिकाः कानेपोखरी गाउँपालिका, मोरङ।

मतदाताको नाम, थरः

मतदाताको हस्ताक्षरः

(विद्यमान केन्द्र कानेपोखरी गाउँपालिका, ५ नं. वडा, भौंसाबारीमा स्थानान्तरण गर्ने पक्षमा हुनेले सि.नं. (१) मा (√) चिन्ह लगाउने र उक्त प्रस्तावको विपक्षमा हुनेले सि.नं. (२) मा (√) लगाउने)

मतदान अधिकृतको-

हस्ताक्षरः

............................................................................................................................................

| |
|---|
| सि.नं. (१) |
| सि.नं. (२) |

मतदान अधिकृतको-

हस्ताक्षरः

सभाको बैठकमा पेश भएको प्रस्ताव एवम् कार्यसूची उपर उपरोक्त बमोज़िम भएको गोप्य मतदानमा कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न विद्यमान केन्द्रलाई कानेपोखरी गाउँपालिका, ५ नं. वडामा स्थानान्तरण गर्ने पक्षमा सत्ताइस (२७), विपक्षमा सात (७) र बदर चार (४) गरी जम्मा अड्तिस (३८) जना सभाका सदस्य (सभाध्यक्ष बाहेक) ले गोप्य मतदान मार्फत् आफ्नो मत जाहेर गर्नु भएको थियो।

**कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको तेस्रो बैठक (२०८०।०१।१७) को निर्णय प्रमाणित गरेकी छु।**

**(राजमती इङ्नाम)**
**सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष**

राजमती इङ्नाम
अध्यक्ष

**मिति २०८० साल वैशाख १७ गते दिउँसो १.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको तेस्रो बैठकको निर्णय**

माथि उल्लिखित बमोजिम १३ औं गाउँ सभाको तेस्रो बैठकबाट भएको एक मात्र निर्णयः

**<u>निर्णय नम्बर</u> (१)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (१) माथि छलफल गर्दा कानपोखरी गाउँपालिका ५ नं. वडा, भौंसाबारीमा गाउँपालिकाको आफ्नै स्वामित्वमा रहेको एक विगाहा क्षेत्रफलको जग्गामा कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न हाल केन्द्र रहेको स्थान कानेपोखरी गाउँपालिका, ६ नं. वडाबाट कानेपोखरी गाउँपालिका, ५ नं. वडा, भौंसाबारीमा गाउँपालिकाको केन्द्र स्थानान्तरण गर्ने विषयमा सभाको बैठकमा भएको गोप्य मतदानमा कानेपोखरी गाउँपालिकाको गाउँ सभामा कायम रहेको सदस्य संख्या (सभाध्यक्ष बाहेक) जम्मा ३८ (अड्तिस) जनामा केन्द्र सार्ने पक्षमा २७ (सत्ताइस) जना, केन्द्र सार्ने विपक्षमा ७ (सात) जना र बदर ४ (चार) जनाको मत प्राप्त हुन आएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम कानेपोखरी गाउँ कार्यपालिकाले उक्त प्रस्ताव कोशी प्रदेश सरकार मार्फत् नेपाल सरकारमा पठाउने व्यवस्था तत्काल मिलाउने निर्णय दुई तिहाईभन्दा बढी मतले पारित गरियो।

**र, अन्त्यमा, कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको तीनवटै बैठकमा उपस्थित भई निर्णय प्रकृयामा सहभागिता जनाउनु हुने सभाका सम्पूर्ण सदस्यहरुलाई सभाध्यक्ष श्री राजमती इङ्नामज्यूले हार्दिक धन्यवाद दिँदै १३ औं गाउँ सभा अधिवेशनको समापन भएको जानकारी सभालाई गराउनु भयो।**

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको तेस्रो बैठक (२०८०।०१।१७) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

राजमती इङ्नाम
अध्यक्ष

CamScanner